निर्वाचन आयोग, नेपाल

ELECTION COMMISSION, NEPAL

# निर्वाचन आयोग, नेपाल

## स्थानीय तह निर्वाचन, २०७९ को नगर कार्यपालिका, गाउँ कार्यपालिका र जिल्ला समन्वय समितिको निर्वाचनमा उम्मेदवार भई कानूनले तोकेको समयावधि ३० (तीस) दिन भित्र निर्वाचन खर्चको विवरण पेश नगर्ने उम्मेदवारहरुका नाउमा सात दिनभित्र सफाइ सहितको स्पष्टीकरण पेश गर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना

प्रकाशन मिति २०७९।५।२३

निर्वाचन आयोग ऐन, २०७३ को दफा २५ बमोजिम राजनीतिक दल वा उम्मेदवारले निर्वाचनको अन्तिम परिणाम प्रकाशित भएको मितिले ३० दिन भित्र निर्वाचनमा भएको खर्चको बील भर्पाइ सहित आयोगले तोकेको कार्यालयमा पेश गर्नु पर्ने, स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा ६४ को उपदफा (४) बमोजिम निर्वाचन खर्चको विवरण दल वा उम्मेदवारले निर्वाचन परिणाम घोषणा भएको मितिले ३० (तीस) दिनभित्र बुझाउनु पर्ने, स्थानीय तह निर्वाचन नियमावली, २०७३ को नियम ४० बमोजिम उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधिले निर्वाचनको अवधिमा निर्वाचनमा भएको सम्पूर्ण खर्चको विवरण तोकिए बमोजिमको ढाँचामा निर्वाचन परिणाम घोषणा भएको मितिले ३० (तीस) दिन भित्र सम्बन्धित प्रदेश वा जिल्ला निर्वाचन कार्यालयमा बुझाउनु पर्ने कानूनी व्यवस्था गरेको छ।

स्थानीय तह निर्वाचन, २०७९ को नगर कार्यपालिका, गाउँ कार्यपालिका र जिल्ला समन्वय समितिमा उम्मेदवारी दिई तोकिएको समयावधि भित्र निर्वाचन खर्चको विवरण नबुझाउने र तोकिएको समयावधि समाप्त भएपछि निर्वाचन खर्चको विवरण बुझाउने उम्मेदवारहरुलाई तोकिएको समयावधि भित्र के कुन कारणले निर्वाचन खर्चको विवरण नबुझाउनु भएको हो? तोकिएको समयावधि भित्र निर्वाचन खर्चको विवरण नबुझाएकोमा तपाईहरुलाई निर्वाचन आयोग ऐन, २०७३ को दफा २६ बमोजिम किन कारवाही हुनु नपर्ने हो? सो सम्बन्धमा निर्वाचन आयोग ऐन, २०७३ को दफा २६ को उपदफा (४) बमोजिम आफ्नो सफाई सहितको स्पष्टीकरण ७ (सात) दिनभित्र सम्बन्धित प्रदेश वा जिल्ला निर्वाचन कार्यालय वा निर्वाचन आयोग नेपालमा पेश गर्नु हुन यो सूचना प्रकाशन गरिएको छ।

स्थानीय तह निर्वाचन, २०७९ को नगर कार्यपालिका, गाउँ कार्यपालिका र जिल्ला समन्वय समितिमा उम्मेदवारी दिई निर्वाचन खर्चको विवरण नबुझाउने र कानूनले तोकेको समयावधि समाप्त भई सकेपछि निर्वाचन खर्चको विवरण बुझाउने उम्मेदवारहरुको नाम नामेशी सहितको विवरण आयोगको वेवसाईट WWW.election.gov.np मा, सम्बन्धित निर्वाचन कार्यालयको वेवसाईटमा र सो कार्यालयको सूचना पाटीमा समेत टास गरिएको हुँदा सूचना पाटी र वेवसाईटहरुमा हेर्न सकिने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

♦♦♦

निर्वाचन आयोग
जिल्ला निर्वाचन कार्यालय